बान्नीगढी जयगढ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जयगढ, अछाम

सुदूरपश्चिम प्रदेश, नेपाल

बैठक संख्या:- ९

---

आज मिति २०८३ भाद्र ३१ गते बुधबारका दिन बिहान ८:०० बजे बान्नीगढी जयगढ गाउँपालिकाका अध्यक्ष श्री टेक बहादुर साउँद ज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक देहायको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णयहरु गरियो ।

<u>देहायः</u>

| क्र.स. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री टेक बहादुर साउँद | अध्यक्ष | |
| २ | श्री बिन्दु रावल | उपाध्यक्ष | |
| ३ | श्री गजेन्द्र बहादुर खड्का | वडा अध्यक्ष/कार्यपालिका सदस्य | |
| ४ | श्री नेत्र बहादुर साउद | वडा अध्यक्ष/कार्यपालिका सदस्य | |
| ५ | श्री नवराज साउँद | वडा अध्यक्ष/कार्यपालिका सदस्य | |
| ६ | श्री किरन बहादुर खत्री | वडा अध्यक्ष/कार्यपालिका सदस्य | |
| ७ | श्री टंक बहादुर साउँद | वडा अध्यक्ष/कार्यपालिका सदस्य | |
| ८ | श्री जगत बहादुर थापा | वडा अध्यक्ष/कार्यपालिका सदस्य | |
| ९ | श्री तुलसी थापा | कार्यपालिका सदस्य | तुलसी |
| १० | श्री ललिता देवी स्वार | कार्यपालिका सदस्य | ललिता |
| ११ | श्री पदमा साउद | कार्यपालिका सदस्य | पद्मा |
| १२ | श्री पशुपति कुमारी लुहार सुनार | कार्यपालिका सदस्य | पशुपती |
| १३ | श्री तर्क टमट्टा | कार्यपालिका सदस्य | |
| १४ | श्री मोहनलाल ताम्राकार टमट्टा | कार्यपालिका सदस्य | |
| १५ | श्री सुरेश प्रसाद जैसी | प्र.प्र.अ./ सचिव | |

<u>आमन्त्रितः-</u>

१. श्री झनक रेग्मी प्रशासकीय अधिकृत

२. श्री बसन्तराज जोशी अधिकृत (शिक्षा)

३. श्री रिंकु कुमार [illegible] प्राविधिक अधिकृत

४. श्री कैलाश [illegible] क. अ.

बान्नीगढी जयगढ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जयगढ, अछाम

सुदूरपश्चिम प्रदेश, नेपाल

बैठक संख्याः २

प्रस्तावहरुः

१. LGPAS को प्रारम्भिक प्रतिवेदन माथी छलफल गरी समिक्षाका लागी जिल्ला समन्वय समितिमा पेश गर्ने सम्बन्धमा ।

२. सार्वजनिक सुनुवाई सम्बन्धमा ।

३. जिल्ला समन्वय समितिको अनुगमन प्रतिवेदन सम्बन्धमा ।

४. संविधान दिवस सम्बन्धमा ।

५. मानव अधिकार स्थानीय समन्वय समिति गठन गर्ने सम्बन्धमा ।

६. खेलकुद बजेट बाँडफाँड सम्बन्धमा।

७. कार्यविधि तथा निर्देशिका स्वीकृति गर्ने सम्बन्धमा ।

८. मापदण्ड तथा आचारसंहिता टेबल गर्ने सम्बन्धमा ।

९. वददिवी मन्दिरमा मूर्ति स्थापना तथा अनुष्ठान सम्बन्धमा ।

१०. ब्याकहोलोडरको प्रयोग सम्बन्धमा ।

११. विद्यालय समायोजन पश्चातको सम्पत्तिको संरक्षण/व्यवस्थापन सम्बन्धमा ।

बान्नीगढी जयगढ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जयगढ, अछाम

सुदूरपश्चिम प्रदेश, नेपाल

बैठक संख्याः २

निर्णयहरु:

निर्णय नं. १ LGPAS को प्रारम्भिक प्रतिवेदन माथी छलफल, समीक्षा तथा जिससमा पेश गर्ने सम्बन्धमा ।

स्थानीय सरकार संस्थागत क्षमता स्व-मूल्याङ्कन (LGPAS) का सम्बन्धमा गाउँपालिकाका सबै शाखाहरूबाट प्रविष्टी भएको विवरण फोकल पर्सनबाट प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश भएको प्रारम्भिक प्रतिवेदन माथि यस बैठकमा विस्तृत छलफल तथा समीक्षा गरियो । उक्त प्रतिवेदनमा प्रविष्टी गरिएका सूचकहरूका आधारमा प्राप्त भएको ५१.४० (एकाउन्न दशमलव चार जिरो) अंक सहितको प्रारम्भिक प्रतिवेदनलाई अन्तिम रूप दिई पृष्ठपोषणका लागि प्रमुख प्रशासकीय अधिकृत मार्फत जिल्ला समन्वय समितिमा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. २ सार्वजनिक सुनुवाइ गर्ने सम्बन्धमा ।

यस बान्नीगढी जयगढ गाउँपालिकाको आर्थिक वर्ष २०८२।०८३ को सेवा प्रवाह, विकास निर्माण तथा बजेट कार्यान्वयनको सम्बन्धमा आम नागरिकलाई सुसूचित गराउने र सुझाव सङ्कलन गर्ने उद्देश्यले मिति २०८३ साल असोज १२ गते सार्वजनिक सुनुवाइ कार्यक्रम आयोजना गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ जिल्ला समन्वय समितिको अनुगमन प्रतिवेदन सम्बन्धमा ।

गत आर्थिक वर्ष २०८२।०८३ मा जिल्ला समन्वय समिति (जिसस) बाट गाउँपालिकाका योजना तथा विकास निर्माणका कार्यक्रमहरूको सन्तुलन भए नभएको सम्बन्धमा अनुगमन नभएको र सो सम्बन्धी कुनै अनुगमन प्रतिवेदन प्राप्त नभएको बेहोरा अवगत भयो । चालू आर्थिक वर्षमा गाउँपालिकाबाट सञ्चालित योजना तथा विकास निर्माणका कार्यक्रमहरूको अनुगमनका लागि जिल्ला समन्वय समितिसँग आवश्यक समन्वय गर्ने निर्णय गरियो ।

निर्णय नं. ४ संविधान दिवस मनाउने सम्बन्धमा ।

संविधान दिवस तथा राष्ट्रिय दिवस,२०८३ सम्बन्धमा सम्मानीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा गठित मूल समारोह समितिको मिति २०८३ भाद्र २६ गतेको निर्णय बमोजिम गाउँपालिकास्तरमा विविध कार्यक्रमहरू आयोजना गरी संविधान दिवस तथा राष्ट्रिय दिवस (मिति २०८३ असोज ०३) भव्य रूपमा मनाउँन गाउँपालिकाका अध्यक्ष श्री टेक बहादुर साउदज्यूको अध्यक्षतामा, गाउँपालिका उपाध्यक्ष, कार्यपालिका सदस्यहरू विषयगत शाखाका प्रमुखहरू, कर्मचारीहरू, सुरक्षा निकायका प्रतिनिधि रहने गरी "संविधान दिवस समारोह समिति" गठन गर्ने निर्णय गरियो । साथै, सोही समितिको संयोजन र मातहतमा रहने गरी राष्ट्रिय झण्डा झण्डोत्तोलन गर्ने, दिपावली (दीप प्रज्वलन) गर्ने लगायतका विविध कार्यक्रमहरू सञ्चालन गर्ने निर्णय गरियो ।

बैठक संख्याः 2

निर्णय नं. ५ खेलकुद सम्बन्धी बजेट बाँडफाँट सम्बन्धमा ।

आर्थिक वर्ष २०८३।०८४ को बान्नीगढी जयगढ गाउँपालिकाको शिक्षा यूवा तथा खेलकुद शाखाको वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत "खेलकुद कार्यक्रम सञ्चालन र व्यवस्थापन खर्च (अध्यक्ष कप, अन्तरपालिका टीम सहभागि र क्रिकेट)" का लागि विनियोजित कुल रु. २१,५०,०००।०० (एक्काइस लाख पचास हजार) देहाय बमोजिम बाँडफाँट गरी सम्बन्धित शाखालाई कार्यक्रम अघि बढाउन स्वीकृति दिने निर्णय गरियो ।

देहायः

| क्र.स. | कार्यक्रम/शिर्षक | बजेट(रु.मा) | कैफियत |
|---|---|---|---|
| १ | अध्यक्ष कप भलिबल प्रतियोगिता | १२,००,०००।०० | खेल सञ्चालन, खेलकुल सामग्री खरिद, पुरस्कार, प्राविधिक र अन्य व्यवस्थापन |
| २ | गाउँपालिकास्तरीय क्रिकेट प्रतियोगिता | ७,००,०००।०० | खेल सञ्चालन, खेलकुल सामग्री खरिद, पुरस्कार, प्राविधिक र अन्य व्यवस्थापन |
| ३ | अन्तरपालिकास्तरीय खेलकुद प्रतियोगितामा गा.पा.को टीम सहभागि खर्च | २,५०,०००।०० | खेलाडीलाई यातायात खर्च, खानाखाजा, पोसाक खर्च तथा दर्ता शुल्क |
| जम्मा | | २१,५०,०००।०० (अक्षरुपी एक्काईस लाख पचास हजार) | |

निर्णय नं .६ स्थानीय तह समन्वय समिति गठन गर्ने सम्बन्धमा ।

नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८३।०३।२४ गतेको निर्णयानुसार स्वीकृत मानव अधिकार सम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजना (२०८३/८४—२०८७/८८) को प्रभावकारी कार्यान्वयनका लागि स्थानीय तहमा स्थानीय तह समन्वय समिति गठन गर्ने व्यवस्था रहेको तथा राष्ट्रिय मानव अधिकार आयोग, सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढीको च.नं. ७४, मिति २०८३।०५।०२ को प्राप्त पत्र मार्फत उक्त कार्ययोजना कार्यान्वयनको अनुगमन, समन्वय तथा जानकारीका लागि स्थानीय तह समन्वय समिति गठन गर्न अनुरोध भई आएको हुँदा यस बान्नीगढी जयगढ गाउँपालिकामा देहाय बमोजिमको स्थानीय तह समन्वय समिति गठन गर्ने निर्णय गरियो।

बान्नीगढी जयगढ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जयगढ, अछाम

सुदूरपश्चिम प्रदेश, नेपाल

बैठक संख्याः २

देहायः

(क) गाउँपालिका अध्यक्ष - सदस्य

(ख) गाउँपालिका उपाध्यक्ष - सदस्य

(ग) गाउँपालिकाका सबै वडा अध्यक्षहरु - सदस्य

(घ) सम्बन्धित विषय हेर्ने अधिकृत (प्रशासकीय अधिकृत, श्री झनक रेग्मी) - सदस्य

(ङ) अध्यक्षले तोकेको नागरिक समाजका प्रतिनिधि तीन जना

- श्री सिद्धराज शर्मा (वडा नं. ४) - सदस्य
- श्री हर्कराज शर्मा (वडा नं. ३) - सदस्य
- श्री लक्ष्मी ठकुल्ला (वडा नं. ३) - सदस्य

(च) जयगढ प्रहरी चौकि प्रमुख, (प्र.स.नि. श्री लोकेन्द्र बहादुर चन्द) - सदस्य

(छ) प्रमुख प्रशासकीय अधिकृत, बान्नीगढी जयगढ गा.पा. - सदस्य-सचिव

## निर्णय नं .७ कार्यविधि तथा निर्देशिका स्वीकृत गर्ने सम्बन्धमा ।

यस गाउँपालिकाको शासन सञ्चालन, शैक्षिक सुधार, आर्थिक अनुशासन तथा प्रशासनिक कार्यसम्पादनलाई थप व्यवस्थित, पारदर्शी र प्रभावकारी बनाउन तयार पारिएका/संशोधन गरिएका देहाय बमोजिमका कार्यविधि तथा निर्देशिकाहरू स्वीकृत गर्ने निर्णय गरियो ।

देहायः

(क) आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि, २०८३

(ख) आर्थिक सहायता कार्यविधि, २०८३

(ग) सामुदायिक विद्यालयको स्तरीकरण मापदण्ड, २०८३

(घ) कार्यसञ्चालन (दोस्रो संशोधन) निर्देशिका, २०८३

(ङ) शिक्षण सिकाइ अनुदान वितरण (पहिलो संशोधन) कार्यविधि, २०८३

## निर्णय नं .८ मापदण्ड तथा आचारसंहिता टेबल गर्ने सम्बन्धमा ।

यस बान्नीगढी जयगढ गाउँपालिकामा बाल अधिकार संरक्षण, खानेपानी तथा सरसफाइ सेवाको गुणस्तर अभिवृद्धि एवं संस्थागत सुशासन तथा सेवा प्रवाहलाई थप मर्यादित, पारदर्शी र अनुशासित बनाउन आवश्यक देखिएकाले देहाय बमोजिमका कार्यविधि, मापदण्ड तथा आचारसंहिताको मस्यौदा आजको बैठकमा प्रस्तुत (टेबल) गर्ने निर्णय गरियो ।

बान्नीगढी जयगढ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जयगढ, अछाम

सुदूरपश्चिम प्रदेश, नेपाल

बैठक संख्याः 2

<u>देहायः</u>

(क) खानेपानी तथा सरसफाइ मापदण्ड, २०८३

(ख) जनप्रतिनिधि तथा कर्मचारीको आचारसंहिता, २०८३

## निर्णय नं .९ बददिवी मन्दिरमा मूर्ति राख्ने आसन स्थापना तथा धार्मिक अनुष्ठान सम्बन्धमा ।

यस बान्नीगढी जयगढ गाउँपालिकाको ऐतिहासिक तथा धार्मिक महत्त्वको स्थल बान्नीगढीमा रहेको बददिवी मन्दिरमा नयाँ मूर्ति स्थापना गर्नका लागी आसनको निर्माण गर्न तथा सो अवसरमा मन्दिरमा विधिपूर्वक मूर्ति स्थापना गरी धार्मिक परम्परा अनुसार उद्घाटन, पूजाआजा, भक्तजन तथा पुजारी-पुरोहितहरूलाई खाजा, प्रसाद र आवश्यक पूजाआजाका सामग्रीको व्यवस्थापन गर्न आवश्यक देखिएकाले सो कार्यका लागि कुल रू. ५०,०००/- (पचास हजार मात्र) चालु आर्थिक वर्षको स्वीकृत बजेटको सम्बन्धित शीर्षकबाट खर्च गर्ने निर्णय गरियो ।

<u>खर्चको विवरणः</u>

- मूर्ति राख्ने आसन निर्माण कार्यका लागी खर्च : रू. २५,०००/- (पच्चिस हजार मात्र)
- पूजाआजा, खाजा, प्रसाद तथा सामग्री व्यवस्थापन खर्च : रू. २५,०००/- (पच्चिस हजार मात्र)

## निर्णय नं . १० ब्याकहोलोडरको प्रयोग सम्बन्धमा ।

यस गाउँपालिकाको स्वामित्वमा रहेका ब्याकहोलोडरको प्रयोग तथा सञ्चालनका सम्बन्धमा छलफल गर्दा गाउँपालिका भित्रका विकास निर्माण, विपद् व्यवस्थापन, गाम्रिण सडक सरसफाई, पूर्वाधार मर्मत तथा नागरिकहरूबाट प्राप्त माग बमोजिम सेवा प्रवाह गर्न मेशिनको प्रयोगलाई एकरूपता दिन आवश्यक देखिएकाले देहाय बमोजिम निर्णय गरियोः

- सार्वजनिक वा व्यक्तिगत कामका लागि सर्वसाधारण/संस्थाले ब्याकहोलोडर माग गरेमा गाउँपालिकाको आ.व. २०८३।०८४ को आर्थिक ऐनमा उल्लेखित भाडादर बमोजिम (सकभर गाउँपालिकाको इन्धन बाहेक) उपलब्ध गराउने र प्राप्त रकम गाउँपालिकाको सञ्चित कोषमा दाखिला गर्ने,
- गाउँपालिकाका आन्तरिक विकास निर्माण, विपद् व्यवस्थापन (पहिरो पन्छाउने, सडक खुलाउने), ग्रामिण सडक सरसफाई तथा नाली व्यवस्थान र सार्वजनिक हितका कार्यहरूलाई प्राथमिकतामा राखी सञ्चालन गर्ने,
- ब्याकहोलोडरको लगबुक नियमित चुस्त-दुरुस्त राख्ने, मर्मत सम्भार तथा ईन्धनको व्यवस्थापनको जिम्मेवारी स्टोर इकाईलाई दिने निर्णय गरियो।

बान्नीगढी जयगढ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जयगढ, अछाम

सुदूरपश्चिम प्रदेश, नेपाल

बैठक संख्याः 2

निर्णय नं .११ विद्यालय समायोजन पश्चात सम्पत्तिको संरक्षण/व्यवस्थापन सम्बन्धमा ।

यस बान्नीगढी जयगढ गाउँपालिका क्षेत्रभित्र सञ्चालित सामुदायिक विद्यालयहरू समायोजन (गाभिएका/मर्ज भएका) पश्चात् साविकका विद्यालयहरूको भौतिक संरचना, भवन तथा जग्गाको संरक्षण र उपयुक्त व्यवस्थापन गर्ने सम्बन्धमा छलफल गर्दा प्रचलित शिक्षा सम्बन्धी ऐन/कानुन तथा नियमको प्रावधान बमोजिम साविकका विद्यालयहरूको चल/जिन्सी सम्पत्ति समायोजन भई जाने विद्यालयमा स्वतः हस्तान्तरण भइसकेको तर, साविकका विद्यालयका अचल सम्पत्ति (विशेष गरी भवन तथा अन्य भौतिक संरचनाहरू) प्रयोग विहीन भई जीर्ण हुने, भत्किने र सार्वजनिक सम्पत्तिको क्षति हुने जोखिम देखिएकाले तिनको मर्मत-सम्भार, रेखदेख र संरक्षण गर्ने मुख्य जिम्मेवारी सम्बन्धित विद्यालयको रहेको हुँदा प्रयोगमा नरहेका भवन तथा संरचनाहरूलाई क्षति हुन नदिई आवश्यक संरक्षण र व्यवस्थापनका लागि सम्बन्धित वडा कार्यालय र विद्यालयहरुलाई निर्देशन दिने निर्णय गरियो ।